चौरजहारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय

चौरजहारी, रूकुम (पश्चिम भाग)
कर्णाली प्रदेश, नेपाल

०८८-४०११४६,९८५७८२६१११
ito.chaurjaharimun@gmail.com

सेवा करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना !

(प्रथम पटक प्रकाशित मिति : २०८२ चैत्र २ गते)

चौरजहारी नगरपालिका नगर कार्यपालिकाको कार्यालय, रुकुम (पश्चिम भाग) मा विभिन्न पदहरू रिक्त हुन गइ स्वास्थ्य सेवातर्फ पदपूर्ति गर्न प्रदेश लोकसेवा आयोग कर्णाली प्रदेशमा वैकल्पिक / अस्थायी सूचीमा रहेका उम्मेदवारहरूको सूची उपलब्ध गराउन अनुरोध भइ प्राप्त सूचीमा रहेका उम्मेदवारहरूलाई सम्पर्क गर्दा नियुक्तिका लागि नआएकोले स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को २१ (६) बमोजिम चौरजहारी नगरपालिकामा करारमा कर्मचारी व्यवस्था गर्ने सम्बन्धी कार्यविधि, २०७६ र यस कार्यालयको मिति २०८२/१२/०२ गतेको निर्णयानुसार खुला प्रतिस्पर्धाका आधारमा सेवा करारमा पदपूर्ति गर्नुपर्ने भएकोले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरूले आवश्यक कागजातहरूसहित दरखास्त पेस गर्न सकिने जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

तपसिल

क्र.स.	विज्ञापन नं.	सेवा	पद	तह	माग
१	०९/२०८२/०८३	स्थानीय स्वास्थ्य	हेल्थ असिस्टेण्ट	पाँचौ	१
२	१०/२०८२/०८३		अ.न.मी.	सहायक चौंथो	२
३	११/२०८२/०८३		अ.हे.व.	सहायक चौंथो	३
४	१२/२०८२/०८३	स्थानीय प्रशासन	कार्यालय सहयोगी	श्रेणीविहीन	३

(क) आवश्यक न्यूनतम योग्यता

- हेल्थ असिस्टेण्ट पद पाँचौ तहका लागि मान्यताप्राप्त शिक्षण संस्थाबाट H.A. उत्तीर्ण गरी Nepal Health Professional Council मा दर्ता भएको,
- अ.न.मी. पद चौथो तहको लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट A.N.M. उत्तीर्ण गरी नेपाल नर्सिङ्ग परिषदमा दर्ता भएको,
- अ.हे.व. पद चौथो तहको लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट C.M.A. उत्तीर्ण गरी Nepal Health Professional Council मा दर्ता भएको,
- कार्यालय सहयोगी पदका लागि कक्षा ८ उत्तीर्ण गरेको ।

(ख) दरखास्त दिने स्थान : चौरजहारी नगरपालिका नगर कार्यपालिकाको कार्यालय ।

(ग) दरखास्त दिने अन्तिम मिति : २०८२ चैत्र १६ गते कार्यालय समयभित्र

२०८२/१२/०२
शेरप्रसाद ढकाल
नि. प्रमुख प्रशासकीय अधिकृत

चौरजहारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चौरजहारी, रूकुम (पश्चिम भाग)
कर्णाली प्रदेश, नेपाल
०८८-४०११४६,९८५७८२६१११
ito.chaurjaharimun@gmail.com

(घ) **आवेदन दस्तुर :** हेल्थ असिस्टेण्ट पदको लागि रु. ५ सय, अ.न.मी. र अ.हे.ब. पदको लागि रु. ४ सय र कार्यालय सहयोग पदका लागि रु. ३ सय।

(ङ) **पारिश्रमिक तथा सेवा सुविधा :** करार सम्झौतामा उल्लेख भए बमोजिम।

(च) **छनोटको किसिम :** स्वास्थ्य सेवातर्फ लिखित, कम्प्युटर सीप परीक्षण र अन्तरवार्ता र कार्यालय सहयोगीको हकमा लिखित र अन्तरवार्ता

(छ) पाठ्यक्रम : प्रदेश लोक सेवा आयोग, कर्णाली प्रदेशले निर्धारण गरेबमोजिम

(ज) **उमेरको हद :** स्वास्थ्य सेवातर्फ १८ वर्ष पूरा भई ४५ वर्ष ननाघेको र कार्यालय सहयोगीको हकमा १८ वर्ष पूरा भइ ३५ वर्ष ननाघेको (महिला र अपाङ्गताको हकमा १८ वर्ष पूरा भइ ४० वर्ष ननाघेको)

(झ) **आवेदन साथ संलग्न कागजातहरू :** आवेदक स्वयंले प्रमाणित गरेको देहायबमोजिम कागजातका फोटोकपीहरू संलग्न गर्नुपर्ने छ।

- नेपाली नागरिकताको प्रमाणपत्र,
- न्यूनतम शैक्षिक योग्यताका प्रमाणपत्र (लब्धाङ्कपत्र, चारित्रिक प्रमाणपत्र),
- कामकाजसँग सम्बन्धित अनुभव भए सोको कागजात,
- तीन प्रति पासपोर्ट साइजको फोटो,
- परिषद (Council) दर्ता प्रमाणपत्र (स्वास्थ्य सेवाको हकमा)

(ञ) थप जानकारीको लागि

- सम्पर्क नं. ०८८४०११४६, ९८५७८२६१११
- इमेलः ito.chaurjaharimun@gmaol.com

२०८२/१२/१०२

शेरप्रसाद ढकाल
नि. प्रमुख प्रशासकीय अधिकृत